# नेपाली काङ्ग्रेसको भावी मार्गचित्र

**डिग बहादुर लिम्बु,**
विद्यावारिधी शोधार्थी, CPDS, TU

## लेखसार

यो लेखमा परिवर्तित राजनीतिक परिवेश र परिस्थितिमा नेपाली काङ्ग्रेसको अबको कार्यदिशा कस्तो हुनुपर्दछ भन्ने विषयको विश्लेषण गरिएको छ। नेपालको राजनीतिक इतिहासमा नेपाली काङ्ग्रेस जनअनुमोदित सशक्त राजनीतिक दल हो । विधिको शासन, सार्वभौम जनता, जनसहभागिता, अभिव्यक्ति स्वतन्त्रता, बहुमतको शासन, अल्पमतको सम्मान, सशक्त प्रतिपक्ष, राजनीतिक दल, समावेशी प्रतिनिधित्व, आवधिक निर्वाचन, सुशासन, सूचनाको हक, सङ्गठित हुन पाउने हक, समान अधिकार, लोककल्याणकारी सरकार, आर्थिक अनुशासन, विकेन्द्रीकरणजस्ता मूल्यमान्यता नेपाली काङ्ग्रेसका मूल आधार हुन् । उक्त आदर्श प्राप्तिका निमित्त राजनीतिक दलका रूपमा नेपाली काङ्ग्रेस स्थापना भएको हो। उक्त सन्दर्भहरूलाई नेपाली काङ्ग्रेसले मूलमन्त्र र सूत्र बनाउँदैआएको छ। सोहीअनुसार नीति तथा कार्यक्रम निर्माण एवम् कार्यान्वयन भएका छन्। वि. सं. २००६ चैत्र २७ गते स्थापन भएको नेपाली काङ्ग्रेसले आजसम्मको यात्रा गरिरहँदा धेरै राजनीतिक परिवर्तनहरू भए। समय, परिस्थिति, अवस्था उस्तै छैन। फेरिएको छ। त्यसका आधारमा नेपाली काङ्ग्रेसले निर्वाह गर्नुपर्ने भूमिकामा पनि रूपान्तरण हुनुपर्ने देखिन्छ तर यस विषयमा विसद् विश्लेषण कहिकतैबाट हुनसकेको छैन । परिवर्तित राजनीतिक परिवेशमा नेपाली काङ्ग्रेस कसरी अगाडि बढ्ने यो सन्दर्भ वहसको विषय बन्न थालेको छ । आंशिक रूपमा भए तापनि उक्त रिक्त अवस्थाको सम्वोधनका निमित्त नेपाली काङ्ग्रेस हिड्ने अबको बाटो र मार्गचित्र शीर्षकको यो लेख तयार पारिएको हो। यो अध्ययन विश्लेषणात्मक र विवरणात्मक ढाँचामा अनुवन्धित छ। यसमा गुणात्मक तथ्याङ्क प्रयोग गरिएका छन्। द्वितीयक प्रकृतिका तथ्याङ्क एवम् सूचनाको सङ्कलन र विश्लेषण गरिएको छ।

**सूत्रशब्द**: नेपाली काङ्ग्रेस, आदर्श, सिद्धान्त, भावी मार्गचित्र

## १. पृष्ठभूमि

नेपाली काङ्ग्रेस सशक्त राजनीतिक दल हो। यसले विधिको शासन, सार्वभौम जनता, जनसहभागिता, अभिव्यक्ति स्वतन्त्रता, बहुमतको शासन, अलपमतको सम्मान, सशक्त प्रतिपक्ष, राजनीतिक दल, समावेशी प्रतिनिधित्व, आवधिक निर्वाचन, सुशासन, सूचनाको हक, सङ्गठित हुन पाउने हक, समान अधिकार, लोककल्याणकारी सरकार, आर्थिक अनुशासन, विकेन्द्रीकरणजस्ता मूल्य मान्यतालाई आफ्नो आदर्श ठान्दछ। सोहीअनुसार आफ्ना नीति तथा कार्यक्रम निर्माण एवम् कार्यान्वयन गर्दैआएका सन्दर्भ छन्। वि. सं. २००६ चैत्र २७ गते स्थापन भएको नेपाली काङ्ग्रेसले आजसम्मको यात्रा गरिरहँदा धेरै परिवर्तनहरू अनुभव गरिसकेको छ। यो लामो अन्तरालमा समय, परिस्थिति, अवस्था उस्तै छैन। फेरिएको छ। त्यसका आधारमा नेपाली काङ्ग्रेसले निर्वाह गर्नुपर्ने भूमिकामा पनि रूपान्तरण हुनुपर्ने देखिन्छ। यस सन्दर्भमा नेपाली काङ्ग्रेस हिड्ने अबको बाटो एवम् मार्गचित्र कस्तो हुनुपर्दछ भन्ने पक्षको पहिचानका निमित्त यो लेख तयार पारिएको हो।

नेपाली काङ्ग्रेसको स्थापनाको अवस्था र इतिहास आफ्नै किसिमको छ । तत्कालीन राणाशासनको अन्त्य गरी प्रजातन्त्र स्थापना गर्ने प्रमुख उद्देश्यका साथ वि.सं. २००३ कार्तिक १५ गते भारतको वनारसमा टङ्कप्रसाद आचार्य सभापति रहेको र वि.पि कोइराला कार्यकारी सभापति रहेको राष्ट्रिय काङ्ग्रेसको स्थापना भयो । वि.सं. २००५ श्रावण १ गते कलकत्तामा भएको कार्यकर्ता भेलाले नेपाल प्रजातन्त्र काङ्ग्रेस स्थापना गर्‍यो । यसको नेतृत्व महेन्द्र विक्रम शाहले गरे । यस पछि जननायक वी.पि. कोइरालाको सक्रियतामा वि.सं. २००६ चैत्र २७ गते दुवै दल एकीकृत गरी नेपाली काङ्ग्रेसको स्थापना भएको हो । मातृका प्रसाद कोइराला यसको सभापति बने (दाहाल, २०७२, पृ.६-१०) ।

नेपाली काङ्ग्रेसको नेतृत्वदायी भूमिकाले २००७ सालमा निरङ्कुश राणाशासनको अन्त्य भयो । प्रजातान्त्रिक सरकार बन्यो । २०१५ सालको पहिलो आम निर्वाचनमा नेपाली काङ्ग्रेसले दुई तिहाई मत प्राप्त गर्‍यो । देशको सबैभन्दा ठुलो राजनीतिक दलको हैसियतले बी.पी. कोइराला प्रधानमन्त्री बने तर २०१७ साल पौष १ गते राजा महेन्द्रले शाही घोषणामार्फत प्रजातान्त्रिक सरकार अपदस्त गरे । राजनीतिक दललाई पूर्णरूपमा प्रतिबन्द लगाउँ । सङ्घसङ्गठन स्थापना तथा सञ्चालन र भेला सम्मेलन गर्न नपाउने व्यवस्था भयो । यस्तो प्रतिबन्धित अवस्थामासमेत नेपाली काङ्ग्रेसका सातओटा महाधिवेशनहरू सम्पन्न भए । महाधिवेशनले नीति तथा कार्यक्रमका साथै नेतृत्व विकास र हस्तान्तरण गरिरह्यो । लोकतन्त्रका लागि निरन्तर लडिरह्यो । प्रतिबन्धित कालको उक्त अवधिमा पनि नेपाली काङ्ग्रेस लोकतान्त्रिक मूल्य मान्यताबाट कहिल्यै बिचलित भएन् ।

नेपालमा राष्ट्रियताको संरक्षण र सम्वर्द्धन गर्दै प्रजातान्त्रिक समाजवाद स्थापना गर्ने सशक्त आन्दोलनको अर्को नाम हो नेपाली काङ्ग्रेस । नेपाली काङ्ग्रेस नेपाललाई सभ्य, सुखी र सम्पन्न राष्ट्रका रूपमा स्थापित गर्न निर्माण भएको अथाह जनमत प्राप्त ठुलो राजनीतिक दल हो (सँग्रौला, २०७८, पृ.१) । यसले आफ्नो स्थापना कालदेखि नै प्रतिपादन गरेको राष्ट्रियता, लोकतन्त्र र समाजवादका आदर्श, मूल्य र मान्यताका आधारमा न्यायपूर्ण गतिशिल स्वतन्त्र र समतामूलक समाजको स्थापनामा जोड दिन्छ तर, विगतका केही वर्षदेखि नेपाली काङ्ग्रेस आफ्नो सैद्धान्तिक मूल्यमान्यताबाट बिमुख हुन थालेको भावना सबैतर्फबाट उठ्न थालेको छ । यस परिस्थितिमा नेपाली काङ्ग्रेस अबका दिनमा कसरी अगाडि बढ्नुपर्दछ र यसको अबको हिड्ने बाटो कस्तो हुनुपर्दछ भन्ने विषयको विवेचनाका निमित्त नेपाली काङ्ग्रेसको भावी मार्गचित्र शीर्षकको यो लेख तयार पारिएको हो ।

## २. अनुसन्धानका समस्या र प्रश्न

लोकतन्त्र जनभावनाअनुसार शासन सञ्चालन गर्ने एउटा पद्धति हो । यसलाई समाजवादसम्म पुग्ने प्रमुख ढोका मानिन्छ । यो पद्धति सत्तामा नरहेका जनतासमेतको अधिकार स्थापित गर्ने रणनैतिक प्रणाली हो । बहुमतले अल्पमतको सम्मान गर्दै जनकेन्द्रित शासन गर्नेतर्फ यो पद्धतिले सङ्केत गर्दछ । यसमा व्यक्ति, समूह, समुदायभन्दा राजनीतिक दलको भूमिका प्रधान हुन्छ । विचार एवम् दर्शन प्रतिपादन गर्न, उत्पादित बिचार, बिस्तार गर्न, सभा सम्मेलन गर्न, शान्तिपूर्ण ढङ्गबाट बिरोध जनाउन, सङ्गठन बिस्तार गर्न, राजनीतिक दल खोल्न र सञ्चालन गर्न अवसर मिल्दछ । यो विधि जनतालाई सर्वोच्च र सर्वशक्तिमान मान्ने राजनीतिक पद्दति हो । त्यसैले यसलाई संसारकै उत्कृष्ठ राजनीतिक प्रणाली मान्ने गरिन्छ ।

नेपाली काङ्ग्रेस नेपालमा लोकतान्त्रिक शासन प्रणाली बहाली गर्ने मुख्य उद्देश्यका साथ स्थापना भएको एउटा राजनैतिक दल एवम् सशक्त विचार हो । राष्ट्रियता, प्रजातन्त्र र समाजवाद यसका प्रमुख लक्ष्य हुन् । जनभावनालाई एकीकृत गरी राष्ट्रियता, जनमुखी शासन प्रणाली स्थापना गरी प्रजातन्त्र र विशेष आर्थिक तथा सामाजिक क्षेत्रमा समतामूलक समाजको सिर्जना गरी समाजवाद स्थापना गर्ने प्रधान लक्ष्य र उद्देश्य नेपाली काङ्ग्रेसको हो । उक्त आदर्श तथा लक्ष्य प्राप्तितर्फ नेपाली काङ्ग्रेस हिडेको छ कि छैन ? रूपान्तरित राजनीतिक परिस्थितिमा नेपाली काङ्ग्रेसले आत्मसाथ गर्ने अबको बाटो र मार्गचित्र के हुन सक्दछ ? भन्ने विषयमा हिजोआजसम्म पनि पर्याप्त शोधखोज हुन सकेको देखिँदैन । उक्त सन्दर्भ अध्ययन गरिनु पर्ने विषय हुन् । अतः यसलाई अनुसन्धानको समस्या एवम् रिक्तता पहिचान गरी त्यसको सम्वोधनका निमित्त यो लेख तयार पारिएको हो ।

## ३. अनुसन्धानका उद्देश्य

राष्ट्रियता, प्रजातन्त्र र समाजवाद नेपाली काङ्ग्रेसका प्रमुख आदर्श र लक्ष्य हुन् । उक्त सैद्धान्तिक धरातलमा टेकेर नेपाली काङ्ग्रेस अगाडि बड्नुपर्दछ । यो मूल धरातललाई बिर्सिएर र पन्छाएर नेपाली काङ्ग्रेस हिड्न हुँदैन र सक्दैन । त्यसो भयो भने यसले जनविश्वास एवम् जनमत गुमाउँछ । नेपाली काङ्ग्रेसका शुभचिन्तक, शुभेच्छु र सरोकारवालाहरू यो राजनीति दलले आफ्नो संस्थापक बाटो बिराएको अनुभव र अनुभूति व्यक्त गर्न थालेका छन् । यस सन्दर्भमा नेपाली काङ्ग्रेस अबका दिनमा अवलम्वन गर्नुपर्ने पथ पहिचान गर्ने प्रमुख उद्देश्य परिपूर्तिका निमित्त यो लेख तयार पारिएको हो ।

## ४. अनुसन्धान विधि

प्रस्तुत अनुसन्धानको अध्ययन विषय नेपाली काङ्ग्रेसको अबको मार्गचित्र हो । यो अध्ययन विश्लेषणात्मक र विवरणात्मक ढाँचामा अनुवन्धित छ । यसमा गुणात्मक तथ्याङ्क प्रयोग गरिएका छन् । द्वितीयक प्रकृतिका तथ्याङ्क एवम् सूचनाको सङ्कलन र विश्लेषण गरिएको छ । द्वितीयक तथ्याङ्क एवम् सूचना पूर्वकार्य समीक्षाबाट सङ्कलन गरिएका हुन् ।

## ५. अनुसन्धानको उपलब्धि तथा छलफल

यो अध्ययनमा द्वितीयक तथ्याङ्क सङ्कलन र विश्लेषण गरिएका छन् । विवेचनापछि अध्ययनले निर्धारण गरेको विशेषतः नेपाली काङ्ग्रेस अबका दिनमा अवलम्वन गर्नुपर्ने पथ पहिचान गर्ने जस्तो विशिष्ट उद्देश्य परि पूर्ति गरिएको छ । अतः नेपाली काङ्ग्रेस हिड्ने अबको बाटो र मार्गचित्र पहिचान तथा विश्लेषण गरिएको हो ।

## नेपाली काङ्ग्रेसको भावी मार्गचित्र

नेपाली काङ्ग्रेसमा यतिबेला जनतालाई आकर्षण गर्ने भन्दा पनि विकर्षण गराउने कार्यहरू भइरहेका छन् । यसको जिम्मेवार पक्ष नेता तथा कार्यकर्ता दुबै हुन् । मै खाऊँ मै लाऊँ भन्ने प्रवृति अहिले पार्टीभित्र मौलाएको छ । यो प्रवृतिमा सुधार नगर्ने हो भने नेपाली काङ्ग्रेस इतिहासमात्र बन्नसक्ने सम्भावना छ । यो परिस्थितिबाट माथि उठाएर जनताको प्रिय दल बनाउन निकै अप्ठ्यारो छ । धेरै चुनौतीहरू छन् (सँग्रौला, २०७८, पृ. ६३ ) । नेपाली काङ्ग्रेसमा देखिएका चुनौतीहरू समाधान गरी विगतको जस्तै सुदृढ, सशक्त र जनप्रिय दल बनाउनु पर्ने छ । त्यो गर्न नसके भावी पुस्ताले हामीलाई अनुमोदन गर्ने छैनन् ।

अतः यस सन्दर्भमा नेपाली काङ्ग्रेसको भावी मार्गचित्र कस्तो हुनुपर्दछ भन्ने अध्ययनका क्रममा अनुक्रमका आधारमा राष्ट्रियता, प्रजातन्त्र र समाजवाद, एकीकृत एवम् सङ्गठित काङ्ग्रेस, वैदेशिक नीति, कृषि विकास, शिक्षा तथा स्वास्थ्य, उद्योग व्यवसाय, समाजवादी अर्थनीति, प्राकृतिक सम्पदाको संरक्षण र सदुपयोग, पर्यटन विकास, वौद्धिक जनशक्ति पलाईन नियन्त्रण र व्यवस्थापन, अल्पमतको सम्मान, सशक्त प्रतिपक्ष, सरकार सञ्चालन, राजनीतिक दलहरूसँगको सम्बन्ध, समावेशी प्रतिनिधित्व, निर्वाचन प्रणाली एवम् आवधिक निर्वाचन, सुशासन, लोककल्याणकारी सरकार, आर्थिक अनुशासन एवम् पारदर्शिता, विकेन्द्रीकृत शासन प्रणाली, कार्यकर्ताको मूल्याङ्कन तथा सम्मान, आन्तरिक लोकतान्त्रीकरणको अभ्यास, भातृसङ्घ तथा शुभेच्छुक संघसंस्थाभित्रको लोकतान्त्रीकरण र नेतृत्व विकास एवम् हस्तान्तरणको सन्दर्भजस्ता विविध क्षेत्र पहिचान गरी त्यसको विश्लेषण गरिएको छ।

**राष्ट्रियता, प्रजातन्त्र र समाजवादका सन्दर्भः** राष्ट्रियता, प्रजातन्त्र र समाजवाद नेपाली काङ्ग्रेसका मूलभूत सैद्धान्तिक एवम् दार्शनिक आधार हुन्। यी सिद्धान्त एवम् दर्शन एक अर्कामा परिपुरक छन्। नेपाली काङ्ग्रेसको जग यिनै तीनओटा आदर्श माथि उभिएको छ। उक्त तीनओटा पक्षलाई सँगसँगै लैजान सकेमामात्र नेपाली काङ्ग्रेसले अगाडि सारेको आर्दश र लक्ष्यको परिपूर्ति वा प्राप्ति सम्भव छ। यस सन्दर्भमा बी.पी. कोइरालाले अगाडि सार्नुभएको अवधारणा उल्लेख गर्नु उक्ति सङ्गत देखिन्छ। बी.पी. भन्दछन् "राष्ट्रिय सङ्कटको घडीमा प्रजातान्त्रिक एकता झन धेरै आवश्यक भएको छ। प्रजातन्त्र नभई राष्ट्रिय एकता हुन सक्दैन। यस अर्थमा सर्वप्रथम प्रजातान्त्रिक सङ्घसंस्थाहरू स्थापना गर्नुपर्दछ। त्यतिमात्र होइन राजनैतिक पद्धतिलाई मात्रै ठीक गर्ने र जनताको आर्थिक सुधार भएन भने राष्ट्रियता कमजोर हुन्छ। सङ्कटमा पर्दछ। रक्षा गर्न सकिदैन। अतः प्रजातन्त्रको विषयमामात्र कुरा गरियो भने राष्ट्रलाई बचाउने जवाफदेहितालाई छाडे जस्तो हुन्छ। राष्ट्रियतामामात्र जोड दिँदै प्रजातन्त्र छोडिदिने हो भने निरङ्कुशता एवम् तानाशाहीलाई समर्थन गरेको जस्तो देखिन्छ। प्रजातन्त्र र राष्ट्रियता भनेर आर्थिक विकासतर्फ ध्यान दिन सकिएन भने पनि त्यसले खासै अर्थ राख्दैन। आर्थिक विकासमात्र भनिरहे त्यसको परिणाम जे भइरहेको छ त्यही हुन्छ। राष्ट्रियतामात्र भनिरहे राष्ट्रियता नै खतरामा पर्नसक्छ"। राष्ट्रियताको आधार प्रजातन्त्र हो। प्रजातन्त्र समाजवादमा सुदृढ हुन्छ। जसका लागि प्रभावकारी आर्थिक नीति योजना र कार्यक्रम आवश्यकता पर्दछ। तसर्थ नेपाली काङ्ग्रेसले राष्ट्रियता, प्रजातन्त्र र समाजवादलाई प्रमुख आदर्शका रूपमा लिइएको हो।

### क. राष्ट्रियता

जननायक बीपीले भनेका छन् "राष्ट्रियताको सम्बन्ध भूगोलसँग होइन, जनतासँग छ। देश वा राष्ट्र भनेको भूगोल र माटो होइन त्यो यथार्थमा जनता हो। तसर्थ जनताका हित हुने कुरा नै देश हितका कुरा हुन्छन्। जनताको अधिकार केवल माटो वा भूगोलको अधिकार होइन, समग्रमा राष्ट्रको अधिकार हो। जनताको अधिकार खोसिनुले जनताको हक अधिकार कटौती गरेको ठहरिन्छ। नेपालको भूगोलबाट नेपाली जनता लोप भए भने नेपाल लोप हुन्छ तर भूगोल भने आफ्नो ठाउँमा जस्ताको तस्तै रहन्छ। राष्ट्रियताको सम्बन्धमा पहिलो र अन्तिम निर्णय गर्ने तत्त्व जनता नै हुन्। राष्ट्रियता शब्दले जनताको सामूहिक मनोभावनालाई लक्षित गर्दछ। जनता, जनताका अगाडि उत्पन्न समस्या, समस्या समाधान गर्ने सामूहिक प्रयत्न र प्रयत्नमा मुखारित भएको एकताको भावना नै राष्ट्रियताका प्रमुख तत्त्व एवम् आधार हुन्" (दुलाल, २०७५, पृ.२०९)।

राष्ट्रियताभित्र जनता मीयो हुनुपर्दछ। राष्ट्रियताभित्र जनताका तुलनामा भूगोलको भूमिका गौण विषय हो

राष्ट्रियतालाई जनताको सन्दर्भमा नसोची एउटा भूगोल वा भूभागको अर्थमामात्र लिइयो भने राष्ट्रियता भन्ने शब्दलाई कुनै पनि तानाशाह वा राजनीतिज्ञले आफ्नो स्वार्थ शिद्ध गर्ने र जनताको अधिकार अपहरण गर्ने हतियार बनाउन सक्दछन् । राष्ट्रियता मूलतः राष्ट्रिय एकताको आधार एवम् निश्चित भूभाग, सीमा, परिधिभित्र रहने आम जनताको सामूहिक हितको भावना हो । एकताको आधार नेपालीपन र राष्ट्रियता हो (लावती, २०७३, पृ.७) । यस सन्दर्भमा दुलाल (२०७५, पृ.२१०) लेख्दछन्ः

> राष्ट्रियता व्यक्ति, समूह, समुदाय सङ्घ, सङ्गठन, राजनीतिक दल विशेष फरक फरक विषय होइनन् । त्यसैका आधारमा राष्ट्रियतालाई पृथक ढङ्गले अर्थ तथा व्याख्या विश्लेषण गरिनु हुँदैन । राष्ट्रियता राजनीतिक फाइदा बेफाइदाको कडि पनि होइन । यो त दलीय स्वार्थभन्दा माथि उठेर देश र जनताका हितमा रहने भावनात्मक एकता हो । वास्तवमा राष्ट्रियता कुनै पनि देशको माटोमात्र होइन । राजनीतिक साँध सीमानालेमात्र राष्ट्रियता जनाउँदैन । साँचो अर्थमा राष्ट्रियता सम्बन्धित भूगोलभित्र बसोवास गर्ने जातजाति, जनजाति समुदाय र उनीहरूको संस्कृति हो । हजारौं हजार वर्षदेखि जीवनपद्धति बन्दैआएको भाषा, धर्म, चाडपर्व, उत्सव, संस्कार, रीतिथिति, चालचलन, वेषभूषा एवम् समग्र परम्परा हुन् । राष्ट्रियता बुझ्ने र बुझाउनेले पनि मौलिक सांस्कृतिक पहिचान र त्यसप्रतिको गौरवलाई राष्ट्रियताभित्र राख्न सक्नुपर्दछ । त्यसैलाई राष्ट्रियताको प्रमुख आधारका रूपमा परिभाषित गर्नुपर्दछ ।

अबको सन्दर्भमा राष्ट्रियता भनेको राष्ट्रप्रति व्यक्त गरिने गौरवको साझा भावना, भूगोलसँगमात्र सम्बन्धित विषय नभएर आम जनताको भावनासँग गाँसिएको विषय, व्यक्ति, समूह, समुदाय, सङ्घसङ्गठनअनुसार फरक फरक हुँदैन । यो त दलिय स्वार्थभन्दा माथि उठेर देश र जनताका हितमा रहने भावनात्मक एकता हो । राष्ट्रियताले राष्ट्रको राजनीतिक साँध सीमानामात्र जनाउँदैन यसले सम्बन्धित भूगोलमा बसोवास गर्ने समुदाय र उसको संस्कृति बुझाउँनुपर्दछ । राष्ट्रियता जनताको सामूहिक मनोभावना हो । यसभित्र देश र जनताको सर्वोपरि हित समाहित हुन्छ । समग्रमा राष्ट्रियतालाई एउटा निश्चित भूगोलभित्र हजारौं हजार वर्षदेखि जनताको जीवनपद्धति बन्दैआएको संस्कृति एवम् परम्परा बुझ्नुपर्दछ ।

**ख. प्रजातन्त्र**

प्रजातन्त्र भनेको अहिंसात्मक व्यवस्था हो । प्रजातान्त्रिक व्यवस्थामा हिंसाको स्थान रहँदैन । बिचारले त्यसको स्थान लिन्छ । जहाँ जनतालाई प्रजातान्त्रिक अधिकार रहँदैन । सरकार जनताको इच्छा मुताविक गठन हुँदैन । सरकारले आफ्नो लेखाजोखा जनतासामु राख्नु पर्दैन । सेना जनताको नभएर शाही हुन्छ । ऊ सीमा रक्षाका लागि नभएर जनतालाई दमन गर्दछ, जनतालाई आक्रमण गर्ने यन्त्र बन्दछ । त्यस्तो व्यवस्था प्रजातान्त्रिक होइन (दाहाल, २०७२, पृ.४२) । प्रजातन्त्र संसारको सर्वोत्कृष्ट शासन व्यवस्था हो । जहाँ पारदर्शिता, स्वतन्त्र न्यायपालिका र लोकतान्त्रिक पद्धतिका आधारमा शासकको छनोट हुन्छ ।

वर्तमान युगमा प्रजातन्त्र सर्वोत्कृष्ट, सर्वग्राह्य, सर्वस्वीकार्य हुनमा यसका केही मूल्य मान्यता एवम् तत्त्वहरूले ठुलो भूमिका खेलेका छन् । प्रजातन्त्र सरकारको स्वरूपमात्र नभएर समाजको वास्तविकता, शासन व्यवस्थाको प्रकार र सामाजिक एवम् राजनीतिक जीवनको ऐना पनि हो । प्रजातन्त्रमा जनताको चाहनाअनुसार राजनीतिक नियम, शासन विधि, समाजको ढाँचा एवम् आर्थिक विकासको दीर्घकालीन सोच रहन्छ । यो व्यवस्था जनइच्छा, चाहना र विवेकबाट चल्दछ । आधुनिक युगमा प्रजातन्त्रले जनप्रतिनिधि सरकार, संवैधानिक सरकार, उत्तरदायी सरकार, लोकप्रिय सरकार, प्रतियोगी सरकारजस्ता विशेषणलाई परिचय गराउँदछ । यो प्रणालीमा

जनता नै शासन व्यवस्थाको धरोहर हुन्छन् । कुनै पनि राष्ट्रिय विषयमा निर्णय गरिदा व्यापक छलफलका साथ बहुमतको मान्यतालाई संवैधानिक प्रक्रियाका रूपमा पूर्णरूपमा अवलम्बन गरिन्छ ।

अबको सन्दर्भमा प्रजातन्त्रको दार्शनिक आधारअन्तर्गत व्यक्तिगत स्वतन्त्रता र प्रतिनिधिको सिद्धान्तलाई आधार बनाइनुपर्दछ । एकभन्दा धेरै प्रतियोगी राजनैतिक दल स्वतन्त्र निष्पक्ष आवधिक निर्वाचन, निष्पक्ष न्यायपालिका, सर्वव्यापी बयस्क मताधिकार प्रजातन्त्रको संस्थागत आधार हुन् । प्रजातन्त्रको मूल सैद्धान्तिक मर्म प्रतिनिधि सरकारको सिद्धान्तलाई मान्नुपर्दछ । त्यसो भएमामात्र सरकार उत्तरदायी हुन्छ तानाशाही हुँदैन । त्यसले जे काम गर्छ संवैधानिक आधारमामात्र गर्छ । प्रतिष्पर्धात्मक सिद्धान्तमा छानिएर जनकल्याणमा केन्द्रित रहने एकमात्र उद्देश्य बनाइनुपर्दछ ।

**ग. समाजवाद**

आज संसारमा समाजवादलाई व्यापक अर्थ लाग्ने दर्शन मान्न थालिएको छ । समाजवादलाई हेर्ने, बुझ्ने र विवेचना गर्ने थरिथरिका बिचारहरू प्रतिपादित भएका छन् । समाजवाद र लोकहित कारि राज्य भनेको के हो भन्ने विषयलाई ठीक ढङ्गले परिभाषित गर्न कठिन छ । यी सबै ठाउँमा उपयुक्त हुने वेदवाक्य होइनन् । यिनको व्याख्या परिस्थितिअनुसार हुन्छ (गिरी, मि.न., पृ.८) । समाजवादलाई तुलनात्मक रूपमा आर्थिक प्रणालीसँग जोडेर व्याख्या विश्लेषण गर्नुपर्ने हुन्छ । समाजवाद मिश्रित अर्थतन्त्रमा आधारित आर्थिक प्रणालीको नाम हो । यसलाई पुँजीवादको विकास पछिको अवस्थाका रूपमासमेत हेर्ने गरेको पाइन्छ (पराजुली, २०७२, पृ.१२) । यस सन्दर्भमा गिरी (मि.न. पृ.४) भनेका छन्ः

> वि.सं. २०१६ असार १९ गते प्रतिनिधि सभामा सम्बोधन गर्दै बि.पी.ले समाजवाद भनेको अभाव हटाउनु हो । आजको सन्दर्भमा उत्पादनमा बृद्धि गर्नुलाई समाजवाद भन्न सकिन्छ । लेनिनसँग कुनै बेला कम्पनीको अर्थ सोधिएको थियो प्रश्नकर्ताको ध्यान आर्थिक यन्त्र सञ्चालन गर्ने शक्ति तिर थियो तर उनले समाजवाद भनेको बिजुली हो भन्ने उत्तर दिएका थिए । अतः उत्पादनको बृद्धि नै समाजवादको ध्येय हो भनेका थिए ।

समाजवाद लोकतन्त्रको अधिकतम उपयोगको माध्यमद्वारा समानताका आधारहरू स्थापित गर्दै जाने प्रणाली हो । यसलाई उत्पादन र वितरणमा समानता र आत्मनिर्भरतातर्फ उन्मुख पार्दै लैजाने दर्शन, प्रक्रिया र प्रणाली पनि मानिन्छ (दुलाल, २०७५, पृ.२१४) । गिरिजाप्रसाद कोइरालाले भनेका छन्- "प्रजातान्त्रिक समाजवाद भनेको एक आर्थिक प्रणालीमात्र होइन यो त जीवनशैली हो । एक व्यवस्थित आर्दश हो । एक दर्शन हो (पन्त, मि.न. २०४) ।

सामान्यतः समाजवाद आर्थिक प्रणालीसँग सम्बन्धित हो । आर्थिक विकासलाई यसको मेरुदण्ड मानिन्छ तर, अबको सन्दर्भमा समाजवादको सम्बन्ध आर्थिक प्रणालीसँगमात्र छैन । यो मानव जीवनसँग सम्बन्धित विषय हो । यसले मानव जीवनसँग सम्बन्धित सामाजिक, सांस्कृतिक, धार्मिक, राजनीतिकजस्ता विविध पक्षलाई महत्त्व दिन्छ । समाजवादलाई परिभाषा गर्दा लोककल्याणलाई शीर्षस्थानमा राखेर गरिनुपर्दछ । समाजवाद सामाजिक, सांस्कृतिक, भाषिक, धार्मिक दृष्टिले संसारभित्र विकास भएका यी विविध पक्षको विविधतालाई स्वभाविक मान्दै समान रूपमा स्वीकार गर्ने र महत्त्व दिने दर्शन पनि हो । यो भावनाले मानव जातिलाई एकीकृत गर्न मद्दत पुऱ्याउँदछ । यस अर्थमा समाजवाद विश्वभरिका मानव जाति एक हुन भन्ने बसुदैव कुटुम्बक भन्ने भावनाको विकास गर्ने उत्प्रेरक दर्शनका रूपमा स्वीकार गर्नुपर्दछ ।

**एकीकृत एवम् सङ्गठित काङ्ग्रेसको सन्दर्भः** राजनीतिमा एकता, एकीकृत भावना र सङ्गठित मनोवल सबैभन्दा ठुलो शक्ति हो । संसारमा त्यो भन्दा ठुलो शक्ति अर्को छैन र हुँदैन । जव कुनैपनि राजनीति दल पूर्णरूपमा विधिविधानले सञ्चालन गर्दछ, संस्थागत निर्णय उसको आदर्श हुन्छ, उसका कार्यकर्ताहरू नेता होइन नीति मुखी हुन्छन् र सामाजिक न्यायका आधारमा दण्डित र पुरस्कृत गर्ने प्रक्रिया एवम् प्रणाली जीवन्त रहन्छ, त्यो दलमा स्वस्फूर्त रूपमा एकता, एकीकृत भावना र सङ्गठित मनोवल पैदा हुन्छ । एकताका काङ्ग्रेसमा यो विशेषता र अवस्था प्रधान विषय थियो । अहिले बिस्तारै यसमा कमी आउन थालेको छ । हिजोआज त काङ्ग्रेसभित्र व्यक्तिवादी चरित्र, गद्रट, उपगद्रट मौलाएका छन् । एकता, एकीकृत भावना र सङ्गठित मनोवल क्षयीकरण भएको छ । यो अवस्थाको अन्त्य गर्दै काङ्ग्रेसलाई पूर्व अवस्थामा फर्काउन विधिविधान र संस्थागत निर्णयले पार्टी सञ्चालन गर्ने, नेता होइन नीति मुखी बनाउने, सामाजिक न्यायका आधारमा दण्डित र पुरस्कृत गर्ने परम्परालाई आत्मसाथ गर्नुपर्ने देखिन्छ ।

**वैदेशिक नीतिको सन्दर्भः** नेपालको वैदेशिक नीति मुलुकको स्वार्थलाई प्राथमिकतामा राखेर निर्माण तथा कार्यान्वयन गरिनुपर्दछ । नेपालबाट अन्य मुलुकले के चाहन्छन् त्यसका आधारमा विदेश नीति बनाइनु हुँदैन (सँग्रौला, २०७८, पृ. ७३) । नेपाल उत्तरमा चीन र दक्षिणमा भारतजस्ता संसारका दुई शक्तिशाली मुलुकका बिचमा अवस्थित छ । मूलतः यी दुई मुलुकसँग मित्रवत सम्बन्ध स्थापित हुने सन्तुलित विदेश नीति नेपालको आवश्यकता र प्राथमिकता हो । यसपछिमात्र दुनियाँका अन्य मुलुकसँग सुमधुर सम्बन्ध बिस्तार गरिनुपर्दछ । विदेश नीतिनिर्माण गर्दा राष्ट्र र जनतालाई केन्द्रविन्दुमा राखेर सन्तुलन कायम गर्न सकिने किसिमको हुनु जरुरी हुन्छ ।

**कृषि विकासको सन्दर्भः** नेपाल कृषि प्रधान देश हो । यहाँका जनता लगभग ६० प्रतिशतभन्दा माथि कृषिमा आधारित छन् । विगतका वर्षहरूमा नेपालले कृषिजन्य उत्पादन विदेश निकासी गर्दथ्यो । वर्तमानमा नेपाल सबैजसो कृषि उत्पादन विदेशबाट आयात गर्दछ । कृषि प्रधान देशका निमित्त यो भन्दा ठुलो दुर्भाग्य अर्को हुन सक्दैन । नेपालले कृषिलाई पर्यटनसँग जोड्नुपर्दछ । हाम्रो परम्परागत कृषि प्रणालीलाई पुनर्जीवन दिई परम्परागत कृषि शिल्प तथा प्रविधिको अध्ययन अवलोकन केन्द्र नेपाललाई बनाउनु पर्ने आजको आवश्यकता हो । नेपाली काङ्ग्रेसले यो अवस्थालाई गम्भीरताका साथ लिनुपर्दछ । नेपाल कृषि उत्पादनमा किन पछाडि परेको हो ? कृषिमा अबको सम्भावना के के हुन सक्दछ ? र कृषिलाई पर्यटनसँग कसरी जोड्न सकिन्छ? भन्ने विषयको थप अध्ययन गरिनु पर्ने देखिन्छ । कृषिमा आधुनिकीकरण गर्दै समयमा किसानलाई मल, खादको सुलभ प्रबन्ध गरी ऋण सुविधा उपलब्ध गराउने नीति अवलम्वन गर्नुपर्दछ ।

**शिक्षा तथा स्वास्थ्यको सन्दर्भः** वर्तमानमा नेपालमा सरकारी, सामुदायिक र निजी स्तरमा सञ्चालित तीन शिक्षा प्रणाली अभ्यासमा छ । पूर्वाधार र मापदण्ड बिना विश्वविद्यालय तथा विद्यालयहरू स्थापना गरिन्छ । त्यसले गर्दा अहिले कतिपय विश्वविद्यालय छन् तर त्यहाँ प्राध्यापक र विद्यार्थी छैनन् । कतिपय स्थानमा विद्यालय र शिक्षक छन् तर विद्यार्थीको अभाव छ । अबका दिनमा विश्वविद्यालय स्थापनाका निमित्त पूर्वाधार र मापदण्ड पूरा भएका क्याम्पसहरूलाई अवसर दिनुपर्दछ । कतिपय विद्यालयहरू गाभ्नु पर्ने अवस्थामा छन् । राजनीतिबाट शिक्षलाई माथि उठाउनु पर्ने देखिन्छ । स्वास्थ्य केन्द्रहरू पनि सरकारी, सामुदायिक र निजी स्तरमा सञ्चालित छन् । सर्व साधारणको पहुँचभन्दा माथि स्वास्थ्यसेवा छ । यसमा सुधार गरी सर्वसाधारणको पहुँचभित्र ल्याउनु पर्ने देखिन्छ । गरिबिका रेखामुनी रहेका जनताहरूलाई निःशुल्क उपचारको व्यवस्था गर्ने । शिक्षामा गरिबका छोराछोरीहरूको पहुँच बढाउने नीति अवलम्वन गरिनु पर्ने देखिन्छ ।

**उद्योग व्यवसायको सन्दर्भः** देश विकास सशक्त आधार उद्योग तथा व्ययसायको उन्नयन हो । संसारमा औद्योगिक क्रान्तिले समाज रूपान्तरणमा उल्लेख्य योगदान पुऱ्याएको छ । उद्योग व्यवसाय राज्यले सञ्चालन गर्ने विषय होइनन् । राज्यले वातावरण सिर्जना गरिदिने हो । शान्ति सुरक्षा औद्योगिक विकासका पहिलो र अनिवार्य सर्त हुन् । राज्यले त्यसको व्यवस्था गरिदिनुपर्दछ । वर्तमान सन्दर्भमा औद्योगिक विकासका निमित्त आवश्यक शान्ति सुरक्षा राज्यले उपलब्ध गराउन सकेको देखिँदैन । बहुराष्ट्रिय कम्पनीहरूलाई आकर्षित गर्न सकिएको छैन । नेपाली काङ्ग्रेसले यसतर्फ ध्यान केन्द्रित गर्नुपर्ने देखिएको छ । उद्योग व्यवसायमा लगानीको वातावरण निर्माण गर्ने, उद्योग स्थापना गर्न आवश्यक जग्गा उपलब्ध गराउने, कर छुटको व्यवस्था गर्ने नीति अवलम्वन गर्नुपर्दछ ।

**समाजवादी अर्थनीतिको सन्दर्भः** महामानव बी.पी. कोइरालाले "समाजवादी राजनीतिज्ञलाई सङ्केत गर्दै राजनीतिज्ञले विचार र विवेकको ढोका सँधै खुला राख्नुपर्दछ । मानवता भनेको अवधारणा मात्रै होइन, अझ बढी मानवताको बिना पूर्वाग्रह र इमानदारीसाथ खोज पनि हो । त्यो नै समाजवादीको लक्ष्य हो भन्नु भएको छ । यसै सन्दर्भमा महामानव बी.पी. कोइरालाले भन्नुभएको विषय गिरी (मि.न., पृ. १०२) ले यस प्रकार उल्लेख गरेका छन्ः

> साम्यवादमा लोकतन्त्र थपिदिए समाजवाद हुन्छ र समाजवादबाट लोकतन्त्र झिकिदिए साम्यवाद हुन्छ । क्रमबद्द तथा योजनाबद्द कार्यक्रम र लोकतान्त्रिक वातावरणबाट मात्रै उच्चतम विकास, उत्पादन र समानता प्राप्त गर्न सकिन्छ । यिनै कार्यको तालमेल, प्रस्टता तथा लक्ष्य प्राप्तिका उपाय पनि खुला र उदार रहने पद्धतिले नै मानव हितलाई सबैभन्दा बढी समेट्दछ । समाजवादको मूलभूत लक्ष्य पनि यही नै हो र हुनुपर्दछ ।

नेपाली काङ्ग्रेसको २०१५ सालको घोषणापत्रमा भनिएको छ " नेपाली काङ्ग्रेस समाजवादी संस्था हो । यसको अन्तिम लक्ष्य एउटा यस्तो आदर्श व्यवस्था स्थापित गर्नु हो, जहाँ मनुष्यले मनुष्यको शोषण गर्ने छैन (गिरी, मि.न., पृ. १०२) । नेपाली काङ्ग्रेस पार्टीले स्थापना कालमा लिएको नीतिअनुसार अगाडि बढ्न सकिरहेको छैन । जनातालाई स्वतन्त्रता, मानवीयता, राजनैतिक अधिकार दिलाउन पाटी सफल रह्यो तर सामाजिक न्याय र आर्थिक सम्पन्नता दिन पार्टी सफल हुन सकेको छैन । समायानुकुल वि.पि.को प्रजातान्त्रिक समाजवादी बिचारलाई परिमार्जित गरी सामाजिक न्याय र आर्थिक दृष्टिकोण स्पस्टसँग परिमार्जित गर्दै खुला अर्थ बजारमा प्रतिस्पर्धा गर्न सक्ने आर्थिक नीति अवलम्बन गर्न' जरुरी छ जसले राजनैतिक अधिकार सामाजिक न्याय, आर्थिक सम्पन्नता प्रदान गर्न सकोस । जनताले अधिकारमात्र होइन कर्तव्य र जिम्मेवारी पनि बोध गर्न सकुन ।

**सांस्कृतिक सम्पदाको संरक्षण र उपयोगको सन्दर्भः** नेपाली काङ्ग्रेस राष्ट्रियता, प्रजातन्त्र र समाजवादलाई आफ्नो आदर्श एवम् सैद्धान्तिक दर्शन मान्ने राजनीतिक दल हो । स्थापना कालदेखि नै नेपाली काङ्ग्रेसले सबै वर्गका मानिसहरूको हक तथा अधिकारका रक्षाका निमित्त लड्दैआएको इतिहास छ । देशमा बसोवास गर्ने सबै जातजाति तथा जनजातिको संस्कृतिलाई नेपाली काङ्ग्रेस समान स्थान र महत्त्व दिन्छ तर आजसम्म पनि नेपाली काङ्ग्रेसले आफ्नो संस्कृति नीति तयार पार्न सकेको छैन । अतः अबका दिनमा विलम्व नगरी नेपाली काङ्ग्रेसले संस्कृतिको संरक्षण र उपयोग नीति तयार पार्नुपर्ने देखिन्छ । बहुभाषिक, बहुजातीय, बहुधार्मिक, बहुसांस्कृतिक परम्पराको संरक्षण सम्बर्द्धन र जर्गेना नेपाली काङ्ग्रेसलेमात्र गर्नसक्छ भन्ने आधार प्रस्तुत गर्ने ।

**प्राकृतिक सम्पदाको संरक्षण र सदुपयोगको सन्दर्भः** नेपालमा प्राकृतिक सम्पदाको कमी छैन । प्रचूर मात्रमा छन् । हिजोआज त्यस्ता सम्पदाहरू क्रमशः लोप तथा नाश हुन थालेको आस्था छ । यस सन्दर्भमा नेपाली

काङ्ग्रेसले प्राकृतिक सम्पदाको संरक्षण र सदुपयोगका निमित्त विशेष नीतिनिर्माण र कार्यान्वयन गर्न जरुरी छ। जनताको सहभागिता विना कुनै पनि कार्य सम्पन्न हुदैन, दिगो हुदैन। अत जनसहभागितामा जोड दिने।

**पर्यटन विकासको सन्दर्भ**ः पर्यटन संसारका लागि आज यात्रामात्र रहेन। धुँवा बिनाको ठुलो उद्योग पनि हो। पर्यटन संसारका लागि आर्थिक प्रगति, सामाजिक उन्नति, सांस्कृतिक चिनारी, प्राकृतिक रम्यताको निमित्त मेरूदण्ड बन्दैछ। वर्तमान समयमा पर्यटन प्रवर्द्धनका निमित्त अति आवश्यक स्रोत, साधन एवम् सामग्रीहरू व्यापक रूपमा विकास भएका छन्। अतः आज पर्यटकहरूका लागि पृथ्बी.पी.न सानो बन्दै गएको छ। बिस्तारै यात्रीहरूका लागि आकाशीय पिण्डहरू पनि गन्तव्य बन्दैछन्।

नेपालको सन्दर्भमा पर्यटन त्यो उद्योग हो जो पर्यटकहरूको नेपाल आगमनको सङ्ख्यामा निर्भर रहन्छ। नेपालमा प्राकृतिक, पुरातात्विक, ऐतिहासिक, धार्मिक, सांस्कृतिक सम्पदा धेरै छन्। प्रत्येक जिल्ला एवम् गाउँगाउँमा यस्ता महत्त्वका स्मारक, स्थल एवम् परम्पराहरूको खाँचो छैन्। कतै खाँचो भए तिनीहरूको पहिचान, प्रचारप्रसार, संरक्षण एवम् सम्वर्द्धनको छ। उक्त सम्पदाका आधारमा नेपाललाई पर्यटनका दृष्टिले संसारकै उत्कृष्ट गन्तव्यका रूपमा बिस्तार गर्न सकिन्छ। समग्रमा मुलुकको आर्थिक उन्नतिका साथै मानवीय विकासमा पर्यटन ठुलो योगदान पुऱ्याउँछ भन्ने सन्दर्भलाई मनन गरी नेपाली काङ्ग्रेसले कार्ययोजना निर्माण गर्नुपर्दछ। साहसिक खेलकुद, शिक्षा र धार्मिक पर्यटनको निमित्त आवश्यक पूर्वाधार निर्माण गरी स्थानीय युवाहरूको परिचालनको सुनिश्चितता गर्ने।

**वौद्धिक जनशक्ति पलाईन नियन्त्रण र व्यवस्थापनको सन्दर्भ**ः नेपालमा विगत केही वर्षदेखि द्रुतगतिमा वौद्धिक जनशक्ति विदेशिन थालेको अवस्था छ। शिक्षा तथा रोजगारीका नाममा दक्ष, क्षमतावान, क्रियाशील तन्नेरी पुस्ता विदेशिने र निवृत जीवन विताइरहेको वुढो पुस्तामात्र यहाँ रहने हो भने नेपालको सम्उन्नत भविष्य कल्पना गर्न सकिने विषय होइन। त्यसो हुँदा नेपाली काङ्ग्रेसले वौद्धिक जनशक्ति पलाईन नियन्त्रण र व्यवस्थापन गर्नसक्ने नीतिनिर्माण गर्नुपर्ने देखिएको छ। बौद्धिक चिन्तन अस्थिर रहेको छ। उनीहरूलाई विश्वासमा लिएर जवाफदेही बनाउँदै नेतृत्व हस्तान्तरण गर्न'पर्दछ।

**सार्वभौम जनता एवम् जनसहभागिताका सन्दर्भ**ः लोकतन्त्रमा जनता सार्वभौम मानिन्छन्। जनता सर्वोच्च हुन्छ। आफ्नो शासक आफैँ छान्ने अधिकार पनि जनतामा अन्तरनिहित हुन्छ। चुनाव लड्ने, मतदात गर्ने र शासन सञ्चालन गर्ने पूर्ण अधिकार जनतासँग रहन्छ। जनताले चाहे भने शासक बनाउन र शासकबाट बर्हिगमन गराउन सक्दछन्। यस सन्दर्भमा गिरिजाप्रसाद कोइरालाले भनेका छन् " जनतालाई कुनै तानाशाहले पराजित गर्न सक्दैन। जनता कहिल्यै पनि पराजित हुँदैनन्। जनताभन्दा ठुलो शक्ति कुनै हुँदैन" (पन्त, मि. न. पृ. १७५-१८२)। जनताको सार्वभौम अधिकार लोकतन्त्रको सबैभन्दा सुन्दर पक्ष हो। व्यापक जनसहभागिताले लोकतन्त्रलाई विश्वासिलो, भरपर्दो र बलियो बनाउन मद्दत गर्दछ। अन्तत लोकतान्त्रिक शासन प्रणाली आम जनसमुदायको व्यवस्था हो। जनसहभागिताले सुस्पष्ट विचार प्रतिबिम्बित हुने अवसर दिन्छ। मतदान प्रक्रियाका साथै विकास निर्माणका कार्य सम्पादन गर्दा व्यापक जनसहभागिता जुट्न सके त्यसले लोकतान्त्रिक प्रणालीलाई सुदृढ बनाउँदछ।

**अल्पमतको सम्मानको सन्दर्भ**ः लोकतन्त्र भनेकै बहुमत प्राप्त राजनीतिक दलले शासन सञ्चालन गर्न पाउने शासन प्रणाली हो। आवधिक रूपमा हुने निर्वाचनबाट निर्वाचित बहुसंख्यक प्रतिनिधिहरूले सरकार निर्माण गरी शासन सञ्चालन गर्ने प्रावधान लोकतन्त्रमा रहन्छ। यो प्रणाली भनेको बहुमतको शासन हो। लोकतन्त्र

अल्पमतलाई समानरूपमा सम्मान एवम् महत्त्व दिने राजनीतिक प्रणाली हो । अवस्था र आवश्यकताका आधारमा लोकतन्त्रमा अल्पमतको पनि कदर गरिन्छ । अल्पमत पनि जनभावनाको प्रतिनिधित्व गर्ने राजनीतिक एकाइ ठानेर बहुमत प्राप्त सरकारले व्यवहार गर्ने व्यवस्था लोकतन्त्रमामात्र रहन्छ ।

**सशक्त प्रतिपक्षको सन्दर्भ**: लोकतन्त्रमा प्रतिपक्ष पनि छाँया सरकारकै रूपमा कार्य सम्पादनको गर्ने गर्दछ । प्रतिपक्षले निर्वाह गरेको सकारात्मक भूमिका सरकार सञ्चालनको बलियो आधार मानिन्छ । त्यसैले बलियो प्रतिपक्ष लोकतन्त्रको आधारभूत मान्यता हो । सरकारलाई आवश्यकताअनुसार मार्ग प्रशस्त गर्न प्रतिपक्षले ठुलो भूमिका निर्वाह गर्दछ । नेपाली काङ्ग्रेस आम जनसमुदायमा आधारित पार्टी हो । त्यसैले यो पार्टी सरकारमा रहँदा वा नरहँदा पनि आम जनताले त्यसको उपस्थितिको अनुभूति गर्न पाउनुपर्दछ तर काङ्ग्रेसले चाहेको जस्तो प्रतिपक्षको भुमिका निर्वाह गर्न सकेन तसर्थ नेपाली काङ्ग्रेसले आगामी दिनमा खरो भुमिका निर्वाह गर्न'पर्दछ ।

प्रतिपक्षमा रहँदा पनि यो दल आन्तरिक लोकतान्त्रीकरणकै सिद्धान्तअनुसार चल्यो । प्रतिपक्ष दलको नेता छनोट गर्दा पनि सर्वसम्मत वा निर्वाचन प्रणालीलाई अवलम्बन गरियो । पार्टीको आन्तरिक लोकतन्त्र मजबुत बनाउदै खुला छलफल, बहसका माध्यमबाट सबैको विश्वास जित्न सक्ने नेतृत्वको स्थापना आवश्यक रहेको छ ।

**सरकार सञ्चालनको सन्दर्भ**: निरङ्कुश राणाशासनको पतनपछि समय समयमा नेपाली काङ्ग्रेसले सरकारको नेतृत्व गर्‍यो । धेरै वर्ष प्रतिबन्धित अवस्थामा रह्यो । केही समय सरकारको साझेदार बन्यो । धेरै पटक प्रतिपक्षका रूपमासमेत बस्यो । सरकारको नेतृत्वमा रहँदा नेपाली काङ्ग्रेसले अघि सारेका नीति तथा कार्यक्रमले उसको प्रजातान्त्रिक चरित्र र प्रजातान्त्रिकरणको अभ्यास प्रक्रियालाई बुझ्न मद्दत गर्दछ । नेपाली काङ्ग्रेसको नेतृत्वमा २००८ मंसिर १ गते मातृकाप्रसाद कोइराला प्रधानमन्त्री रहेको सरकार बन्यो । यसले स्वतन्त्र न्यायपालिका, लोकसेवा आयोग, निर्वाचन आयोगको स्थापना र वार्षिक बजेट प्रस्तुत गर्ने परम्पराको थालनी गर्‍यो । दोस्रो पटक २०१६ जेठ १३ गते विश्वेश्वरप्रसाद कोइरालाको नेतृत्वमा नेपाली काङ्ग्रेसको सरकार बन्यो । यो २०१७ मंसिर मसान्तसम्ममात्र रह्यो । यसले प्रशासनिक तथा न्यायिक सुधार; अल्पकालीन एवम् तत्काल परिणाम तथा लाभ लिन सक्ने योजनामा ध्यान दिँदै सञ्चालित विकास कार्यलाई द्रुत गतिले अगाडि बढाउने; भूमि सुधार तथा किसानको कल्याण; लघु उद्योगधन्दा बिस्तार; शिक्षा; स्वास्थ्य र यातायात बिस्तारजस्ता सातवटा क्षेत्रलाई प्राथमिकता दिई कार्यक्रम सञ्चालन गर्‍यो (गिरि, मि.न.,पृ. ११५) । वि.स. २०४६।४७ को जनआन्दोलन पछि नेपाली काङ्ग्रेसका नेता कृष्णप्रसाद भट्टराईको नेतृत्वमा सरकार बन्यो । यसले नेपालको संविधान २०४७ निर्माण गर्‍यो । यसपछि गिरिजाप्रसाद कोइराला, शेरबहादुर देउवा र सुशील कोइरालाको नेतृत्वमा सरकार बन्यो । नेपालको गणतान्त्रिक संविधान २०७२ जारी गर्नुका साथै अन्य धेरै लोकतान्त्रिक मूल्यमान्यतासँग जोडिएका कार्यहरू सञ्चालन भए । नेपाली काङ्ग्रेसको सरकारले गरेका राम्रा कुराहरू जनसमक्ष लगेर प्रचारप्रसार गर्न नसक्दा अरुले नै जस लिएका छन् । यसलाई पार्टीमा व्यापक छलफल गरी सुधार्न' अति जरुरी भएको छ ।

**राजनीतिक दलहरूसँगको सम्बन्धको सन्दर्भ**: सशक्त राजनीतिक दल लोकतान्त्रिक शासन प्रणालीका आधार भूत स्तम्भ मानिन्छन् । राजनीतिक दलको निर्माण विचार र दर्शनले गर्दछ । देशभरिका जनता निश्चित विचार र दर्शनले एकीकृत हुन्छन् । कालान्तरमा एउटा साङ्गठानिक संरचना नै बिस्तारै राजनीतिक दलका रूपमा स्थापित हुन्छ । राजनीतिक दलले निर्वाचनमा आफ्नो बिचार, दर्शन, नीति तथा कार्यक्रमसहितको घोषणापत्र जनता माझमा लिएर जान्छन् । जनताले जुन राजनीतिक दलको विचार मन पराउँदछन् उसलाई समर्थन दिन्छन् ।

मतदान गर्दछन् । बहुमत प्राप्त राजनीतिक दलको नाताले उसैले शासन सञ्चालन गर्ने अधिकार पाउँदछ । शासन सञ्चालन गर्दछ ।

लोकतान्त्रिक प्रणाली भएका मुलुकका निमित्त राजनीतिक दल शासन सञ्चालनका मियो हुन् । उनीहरूको घटनपटनमा शासन सञ्चालित हुन्छ । लोकतान्त्रिक मुलुक भएकाले नेपाल पनि शासन सञ्चालनका आधार राजनीतिक दलहरू नै मानिन्छन् । राजनीतिक दलहरू अकअर्कामा अन्योन्याश्रित हुनुपर्दछ । यस परिवेशमा नेपाली काङ्ग्रेसले अन्य दलहरूसँग राख्ने सम्बन्धले उल्लेख्य महत्त्व राख्दछ । अन्य दलहरूसँगको सुमधुर सम्बन्धले राष्ट्रिय मुद्दामा राष्ट्रिय सहमति कायम गर्न सकिन्छ । यसले देश र जनताको हित हुन्छ ।

**समावेशी प्रतिनिधित्वको सन्दर्भ**: लोकतन्त्रलाई बलियो र लोकप्रिय बनाउने अर्को महत्त्वपूर्ण आधार समावेशी प्रतिनिधित्व प्रणाली हो । सबै वर्ग, लिङ्ग, उमेर, जाति, भाषा, धर्म, संस्कृतिको समानुपातिक प्रतिनिधित्व गराउने प्रणालीलाई समावेशी सिद्धान्त र दर्शन भनिन्छ । सरकार तथा प्रतिपक्षमा रहँदा समावेशी प्रतिनिधित्वलाई केन्द्रमा राख्न सकेमा समग्र समाज नै राजनीतिमा सक्रिय रहन्छ । देशको व्यवस्थापकीय तहमा आफ्नोसमेत पहुँच भएको महसुस गर्दछ । यो अवस्थाको व्यवस्थापन लोकतान्त्रिक शासन प्रणालीमामात्र सम्भव रहन्छ । नेपाल एक बहुजाति, बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक देश हो । यो विविधतालाई नेपालको बहुमूल्य निधि मान्नुपर्दछ । यसको संरक्षण र संबर्द्धन लोकतान्त्रिक प्रणालीमामात्र सम्भव छ भन्ने आत्मविश्वास जगाउन सक्नु नेपाली काङ्ग्रेसको दायित्व हो ।

**निर्वाचन प्रणाली एवम् आवधिक निर्वाचनको सन्दर्भ**: आवधिक निर्वाचन लोकतन्त्रको आधारभूत तत्त्व हो । निर्वाचनले सरकारको मूल्याङ्कन गर्दछ । सरकारलाई कसी लगाउने सबैभन्दा बलियो आधार निर्वाचन हो । त्यसैले कुनै पनि लोकतान्त्रिक शासन प्रणाली भएका मुलुकमा सामान्यतः चारवर्षदेखि सात वर्षभित्रमा निर्वाचन गर्ने परम्परा पाइन्छ । निर्वाचन जनताको सबैभन्दा बलियो हतियार हो । राम्रो काम गर्नेलाई निर्वाचित गर्ने र खराब काम गर्नेलाई अभिमतबाट दण्डित गर्ने । त्यसैले यो प्रणालीलाई अझ व्यवस्थित गर्दै जान सक्यो भने लोकतान्त्रिक मूल्यमान्यताहरूलाई स्थापित गर्न सकिन्छ ।

**सुशासनको सन्दर्भ**: लोकतन्त्रमा कानुनको सर्वोच्चता हुन्छ । नीति, नियम, कानुन र विधिको आधारमा शासन चलाईन्छ । नेताले नीति होइन नीतिले नेता सञ्चालित हुन्छन् । यसको तात्पर्य विधिभन्दा माथि कोही पनि हुँदैन भन्ने हो । विधिको शासन नै सुशासनको आधार मानिन्छ । छिटो, छरितो, निष्पक्ष, सरल र कम लागतमा गुणस्तरीय सेवा जनतामा दिने शासन पद्धति सुशासन हो । सरकारी, गैह्र सरकारी र निजी क्षेत्रसँग हातेमालो गर्दै सरकार सञ्चालनको प्रक्रियामा साझेदारी र सहकार्य गर्ने पद्धति सुशासनभित्र पर्दछ । विधिको शासन, पारदर्शिता, संवेदनशीलता, जवाफदेहिता, सहभागिता, साझेदारी, सहमति उन्मूखता र प्रभावकारिता यी सुशासनको प्रमुख विशेषता हुन् । उक्त पक्षलाई केन्द्रमा राखी शासन सञ्चालन गरिनुपर्दछ जसले भ्रष्टाचारलाई निरुत्साहित गर्दछ । संवैधानिक निकायहरू सबल भएर रहन्छन् ।

**लोककल्याणकारी सरकार**: लोकतन्त्रमा सरकार जनताप्रति उत्तरदायी र जवाफदेही हुन्छ । जनचाहनाअनुसार विकास निर्माणका कार्यहरू सम्पादन गरिन्छन् । जनकेन्द्रित विकासले जनताप्रति सरकारको उत्तरदायित्व र जवाफदेहिता बढाउँदछ । यी सिद्धान्तका आधारमा कार्य सम्पादन हुँदा लोककल्याणकारी राज्य स्थापना गर्न मद्दत पुग्दछ । सूचना तथा सञ्चारमा भएको प्रगतिले लोककल्याणकारी सरकारलाई थप जिम्मेवार बनाएको छ । जनतामा पनि जागरुकता आएको छ ।

**आर्थिक अनुशासन एवम् पारदर्शिताको सन्दर्भ**: आर्थिक अनुशासन लोकतान्त्रिक शासन पद्धतिको एउटा महत्त्वपूर्ण एवम् आधारभूत पक्ष हो । आर्थिक अनुशासन कायम गर्न नसके लोकतान्त्रिक प्रणालीमा ठुलो सङ्कट आउने सम्भावना रहन्छ । लोकतन्त्रप्रतिको जनताको चाहनामा ह्रास आउन सक्दछ । त्यसैले हरेक जिम्मेवार पक्षले आर्थिक अनुशासन पालना गर्नुपर्दछ ।

**विकेन्द्रीकृत शासन प्रणालीको सन्दर्भ**: लोकतन्त्रको अर्को महत्त्वपूर्ण पक्ष शासन सञ्चालनमा विकेन्द्रीकरण गर्नु हो । विकेन्द्रीकृत शासन प्रणालीले स्थानीय तहमा शासन अधिकार स्थापित गर्दछ । स्थानीय निकायलाई बलियो, भरपर्दो र लोकप्रिय बनाउने माध्यम विकेन्द्रीकरण हो । सम्भव भएसम्म बढीभन्दा बढी आर्थिक, राजनीतिक, सामाजिक, वैधानिक एवम् विकास निर्माणजस्ता स्थानीय तहसँग सम्बन्धित कार्य सम्पादन गर्ने अधिकार स्थानीय निकायलाई हस्तान्तरण गर्न सकिएमा जनसहभागितामा प्रभावकारी रूपमा बृद्धि हुन्छ । यसले लोकतान्त्रिक प्रणालीलाई बलियो र विश्वासिलो बनाउन मद्दत पुऱ्याउँदछ ।

**कार्यकर्ताको मूल्याङ्कन तथा सम्मानको सन्दर्भ**: नेपाली काङ्ग्रेस जनसमुदायमा आधारित दल हो । यसको आधार कार्यकर्ताभन्दा साधारण जनता हुन् । त्यसैले जनभावना अनुरूपको नीति तथा कार्यक्रम नेपाली काङ्ग्रेसको आवश्यकता हो । जनसमुदायमा आधारित राजनीतिक दल भएका कारण नेपाली काङ्ग्रेसले स्थानीय नेतृत्वको विकासमा ध्यानदिनु जरुरी छ । गाउँ तहदेखि केन्द्रसम्म बिचारशील, सक्षम, ऊर्जावान, इमानदार, कटिवद्द, निष्टावान, सरल नेतृत्व एवम् संयन्त्रको विकास गर्नुपर्दछ । यस क्रममा कार्यकर्ताको मूल्याङ्कन तथा सम्मान गर्ने परम्परा स्थापित गर्न बान्छनीय छ । नेपाली काङ्ग्रेसको सिद्धान्त, लक्ष्य र अनुशासन विपरित आचरण प्रस्तुत गरे निस्पक्ष ढङ्गले दण्डसजाएको व्यवस्था पनि गरिनुपर्दछ ।

**आन्तरिक लोकतान्त्रीकरणको अभ्यासको सन्दर्भ**: लोकतन्त्र शासन पद्धतिमात्र होइन यथार्थमा यो आचरण पनि हो । यसले व्यक्ति, समुह, समुदाय, सङ्घसंस्था, सङ्गठन, राजनैतिक दल सबैलाई निश्चित मूल्यमान्यता, सिद्धान्त, अनुशीलन गर्न एवम् सोहीअनुसार हिँड्न सिकाउँछ । यस अर्थमा लोकतन्त्र सत्मार्ग निर्दिष्ट गर्ने एउटा महत्त्वपूर्ण उपाय, साधन र माध्यम पनि हो । त्यसैले लोकतन्त्र आचरण, उपाय, साधन, माध्यम हो भन्ने विषय नेपालका सबै लोकतन्त्रवादीहरूले अनुभव गर्नु आवश्यक र अपरिहार्य छ । यस सन्दर्भमा गिरिजाप्रसाद कोइरालाले भनेका छन् "पार्टी सङ्गठनको सञ्चालन र व्यवस्थापनमा व्यक्तिको निजात्मक रुची र अरुचि प्रभावकारी हुने मौका र सम्भावना निर्मूल गरिनुपर्दछ (पन्त, मि.न. पृ. १६८) । यस सन्दर्भमा दुलाल (२०७५, पृ. २४५) भन्दछन्:

> नेपाली काङ्ग्रेस स्थापनाकालदेखि नै लोकतन्त्रलाई आफ्नो आदर्श बनाउदै आएको ऐतिहासिक राजनीतिक दल हो । राजनीतिक दलका नेता बी.पी. कोइराला नेपालमा लोकतन्त्रको प्रतिपादक एवम् प्रथम भाष्यकार हुन् । नेपाली काङ्ग्रेस नेपालमा लोकतान्त्रिक पद्धति स्थापनाको जननी पनि हो । यहाँ लामो समयदेखि निरङ्कुश जहानियाँ शासन सञ्चालन गर्ने राणा शासक, साम्यवाद स्थापना गर्ने उद्देश्यका साथ जन्मिएका बामपन्थी, एकतन्त्री पञ्चायती व्यवस्था स्थापना गर्ने शाहवंशीय शासकहरू समेतलाई लोकतान्त्रिक मूल्य मान्यता, आदर्श र आचरण नेपाली काङ्ग्रेसले सिकायो । लोकतान्त्रिक पद्धति र प्रणालीका विषयमा दीक्षित बनायो । सोहीअनुसारको आचरण गर्न उत्प्रेरित तुल्यायो । वर्तमान समयमा नेपाली काङ्ग्रेस लोकतान्त्रिक विचार र दर्शनका विषयमा वकालत गर्ने अगुवा र नेतृत्वदायी राजनीतिक दल बनेको छ । यहाँको प्रजातन्त्रको यात्रा नेपाली काङ्ग्रेसलाई मियो बनेर घुमिरहेको छ ।

समग्रमा साधारण सदस्यता, क्रियाशील सदस्यता प्राप्त गर्ने प्रावधान गाउँ नगर क्षेत्रीय, जिल्ला अधिवेशनका साथै महाधिवेशनको व्यवस्था, महाधिवेशन एवम् महासमितिको छनोट प्रक्रियाका साथै प्रत्यक्ष निर्वाचन प्रणालीबाट केन्द्रीय सभापति, महामन्त्री, कोषाध्यक्ष, सदस्यलगायतका महिला नेतृत्व, दलित नेतृत्व, जनजाति नेतृत्व, मधेशी नेतृत्व, मुस्लिम नेतृत्व आदिजस्ता नेतृत्व छनोट गर्ने प्रक्रियाको व्यवस्था नेपाली काङ्ग्रेसको विधानमा छ। यी समग्र पक्षलाई नेपाली काङ्ग्रेसको आन्तरिक लोकतन्त्र पुष्टि गर्ने आधार मानिन्छ।

तर हिजोआज पार्टीभित्र आन्तरिक सुधारको अभियान निकै शिथिल र कमजोर भएको छ। लोकतन्त्र भनेको पद्धतिमात्र होइन योसँग प्रक्रिया जोडिएको हुन्छ। प्रक्रियासँगसँगै प्रवृत्ति पनि गाँसिएर आउँदछ। त्यसैले अबका दिनमा लोकतन्त्रवादी भनेर सुनाउने होइन, बनेर देखाउने प्रवृतिको विकास गर्ने, लोकतान्त्रीकरण प्रक्रिया र प्रवृत्तिलाई एकीकृत गर्दै पार्टीमा आन्तरिक लोकतन्त्र संस्थागत ढङ्गले विकास गर्ने, लोकतन्त्रका प्रधान तत्त्व मानिने सार्वभौम जनता, विधिको शासन, जनसहभागिता, अभिव्यक्ति स्वतन्त्रता, बहुमतको शासन, अल्पमतको सम्मान, सशक्त प्रतिपक्ष, समावेशी प्रतिनिधित्व, आवधिक निर्वाचन, सुशासन, सूचनाको हक, सङ्गठित हुन पाउने हक, समान अधिकार, लोककल्याणकारी सरकार, आर्थिक अनुशासन, विकेन्द्रीकृत शासन पद्धतिजस्ता सिद्धान्तलाई नेपाली काङ्ग्रेसले विशेष रूपमा अनुसरण गर्न'पर्दछ।

**भातृ सङ्घसंस्थाभित्रको लोकतान्त्रीकरणको सन्दर्भ**ः भातृसंस्था सम्बन्धित राजनीतिक दलका सन्तान हुन्। राजनीतिक दलको वैचारिक पृष्ठभूमिमा भातृसंस्था जन्मिन्छन्। नेपाली काङ्ग्रेसका भातृसंस्था भनेका पनि उसकै सन्तान हुन्। ती सन्तानहरूले उसले अगाडि सारेको नीति तथा कार्यक्रमअनुसार गन्तब्य निर्धारण गर्नुपर्दछ (दुलाल, २०७५, पृ.२२७)। भातृसंस्था भन्नाले नेपाली काङ्ग्रेसको उद्देश्य र सिद्धान्तलाई मान्ने वर्गीय र अन्य रचनात्मक क्रियाकलापमा संलग्न संस्थालाई बुझाउने छ (महर, २०६७, पृ.५९)।

नेपाली काङ्ग्रेसको नीति तथा निर्देशनमा सञ्चालित हुने नेपाली काङ्ग्रेसको आर्दश मानिएका राष्ट्रियता, प्रजातन्त्र र समाजवादलाई सर्वोपरी ठान्ने, नेपाली काङ्ग्रेसको सङ्गठन बिस्तारमा सहयोगीको भूमिका निर्वाह गर्ने, नेपाली काङ्ग्रेस तथा आमजनताका बिचमा सम्बन्ध स्थापित गर्न मद्दत गर्ने, नेपाली काङ्ग्रेसको नेतृत्व विकास तथा निर्माणकालमा सहयोगीको भूमिका निर्वाह गर्ने र नेपाली काङ्ग्रेसका पक्षमा जनचेतना बिस्तार गरी जनलहर फैलाउने कार्यमा सहयोगीको भूमिका खेल्न स्थापना गरिएको काङ्ग्रेस आवद्द राजनीतिक एकाइहरू भातृसंस्था हुन (दुलाल, २०७५, पृ.२२७)।

माथिका समग्र कार्य सम्पादनका निमित्त भातृसङ्घसंस्था र वैचारिक सङ्घ सङ्गठ्नको भूमिका निकै उपयोगी र प्रभावकारी हुने गर्दछ। पार्टीका भातृसंस्थाको सदस्य र शुभेच्छुक सङ्घसंस्था र व्यक्तिले पनि पार्टीले निर्धारण गरेको सहयोग शुल्क बुझाउनु पर्नेछ (महर, २०६७, पृ.५२)। पार्टीको भातृ तथा शुभेच्छुक संस्थाहरू आफ्नो केन्द्रीय अधिवेशनबाट अध्यक्षसहित पदाधिकारी तथा सदस्यहरू निर्वाचित हुनेछन्। प्रतिनिधित्व गर्ने अध्यक्ष र अन्य प्रतिनिधिहरू सम्बन्धित संस्थाको क्रियाशील सदस्यता प्राप्त गरेको हुनुपर्ने छ। प्रत्येक भातृ संस्था तथा शुभेच्छुक सङ्घसंस्थाको आफ्नै विधान हुन जरुरी छ। सम्बन्धित संस्थाको विधान पार्टीको विधानसँग बाझिएको हुने छैन।

नेपाली काङ्ग्रेसमा आबद्ध भातृसंस्था एकसाथ स्थापना भएका होइनन्। समय समयको राजनीतिक अवस्था र परिस्थितिको मागअनुसार खोलिएका हुन्। यी प्रत्येक संस्थाको आफ्नै विधान छ। विधान नभएको संस्थालाई नेपाली काङ्ग्रेसले आफ्नो भातृसंस्था मान्दैन। तोकिएको समयमा महाधिवेशन गर्ने, नीति तथा कार्यक्रम

निर्धारण गर्ने, नेतृत्व चयन गर्नेजस्ता मूलभूत कार्यहरू नेपाली काङ्ग्रेसका आबद्ध भातृ संस्थाले सम्पादन गर्नुपर्दछ । यी कार्यहरू लोकतान्त्रिक अभ्यासका परिचालक र परिचायक हुन् ।

अबको सन्दर्भमा नेपाली काङ्ग्रेस जस्तो लोकतान्त्रिक पार्टीले भातृसंस्थाको भूमिकालाई महत्त्वपूर्ण र प्रभावकारी मान्नुपर्दछ । सङ्गठन र नेतृत्वको मूल आधार भातृसंस्था हुन भन्ने ठान्नुपर्दछ । नेपाली काङ्ग्रेसको नीति तथा निर्देशनमा सञ्चालित हुने नेपाली काङ्ग्रेसका आदर्श मानिएका राष्ट्रियता, लोकतन्त्र र समाजवादलाई सर्वोपरि ठान्ने, नेपाली काङ्ग्रेसको सङ्गठन बिस्तारमा सहयोगीको भूमिका निर्वाह गर्ने भातृसंस्था नेपाली काङ्ग्रेसको सङ्गठन बिस्तारको आधार हुन भन्ने स्वीकार गरी सोहीअनुसार लोकतान्त्रीकरण गर्दै लैजानु जरुरी छ ।

**शुभेच्छुक सङ्घसंस्था भित्र लोकतान्त्रीकरणको सन्दर्भः** नेपाली काङ्ग्रेसका शुभेच्छुक सङ्घसंस्था भनेका नेपाली काङ्ग्रेससँग प्रत्यक्ष रूपमा आबद्ध संस्था हुन् । नेपाली काङ्ग्रेसले अघि सारेका लक्ष्य, उद्देश्य, आदर्श, नीति प्राप्त गर्ने र कार्यक्रम सम्पादन गर्न मद्धत गर्दछन् । शुभेच्छुक संस्थाअन्तर्गत नेपाल निजामति कर्मचारी युनियन, नेपाल सांस्कृतिक सङ्घ, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी फोरम, डेमोक्रेटिक लयर्स एशोसिएसन, प्रजातन्त्रवादी प्राध्यापक सङ्घ नेपाल, नेपाल लोकतान्त्रिक गैह्र सरकारी महासङ्घ, नेपाल प्रजातन्त्रवादी इञ्जिनियर्स एशोसिएसन, प्रजातन्त्रवादी चिकित्सक सङ्घजस्ता पेसागत सङ्घसङ्गठनहरू पर्दछन् । उक्त सङ्घसस्थाको आआफ्नै विधान छन् । त्यसैका आधारमा संस्था सञ्चालित हुन्छन् र हुनुपर्दछ । लोकतन्त्रको सुन्दर पक्ष भनेको त्यही हो तर हिजोआज कतिपय शुभेच्छुक संस्था विधिविधानअनुसार सञ्चालन भएका पाइएको छैन । समयमा अधिवेशन गरी लोकतान्त्रिक विधि तथा पद्धतिबाट नेतृत्व विकास एवम् हस्तान्तरण गरेको पाइदैन । अतः अबको दिनमा नेपाली काङ्ग्रेसले आफ्ना शुभेच्छुक सङ्घसंस्थालाई आफ्नो विधिविधानबमोजिम सञ्चालित हुन्, तोकिएको समयमा महाधिवेशन गराउन, नीति तथा कार्यक्रम निर्धारण गर्न, लोकतान्त्रित विधि तथा पद्धतिबाट नेतृत्व चयन गर्नेजस्ता मूलभूत कार्यहरू पूरा गराउने कठोर नीति अवलम्वन गर्नुपर्ने देखिन्छ ।

**नेतृत्व विकास एवम् हस्तान्तरणको सन्दर्भः** नेतृत्व बनाईने विषय होइन, यो त बन्ने प्रक्रिया हो । बिचार, नीति, सिद्धान्त र दर्शन उत्पादन एवम् बिस्तार गर्दै जनमत बटुलेर निर्णायक स्थानमा पुग्ने अभ्यास नै नेतृत्व विकास प्रक्रिया हो । यस तथ्यले नीति नेतृत्व निर्माणको प्रमुख आधार हो भन्ने सङ्केत गर्दछ । हिजोआज नेपाली काङ्ग्रेसमामात्र होइन अन्य राजनीतिक दलमा पनि जर्बजस्त रूपमा नेतृत्व बनाउने प्रक्रियाले महत्त्व पाउन थालेको छ । नेतृत्व विकासमा नीतिनिर्माण एवम् अनुशीलन भन्दा गुटबन्दी, चाप्लुसी, चाकरीजस्ता प्रवृत्ति एवम् संस्कार हावी हुँदै जाँदैछन् । यसले सफल र सवल नेतृत्व विकास गर्न सक्दैन । विचार विहीन मानिसहरूको गुट, उपगुट र झुण्डमात्र जन्माउँदछ । यो राजनीतिक दलहरूको पतन गराउने सशक्त आन्तरिक कारण बन्न सक्दछ (दुलाल, २०७५, पृ.२१७) । नेतृत्वले इतिहासको गति, परिस्थिति, जनभावना, जनचाहना, अन्तर्राष्ट्रिय परिवेश र वातावरण आदि बुझ्न सक्नुपर्दछ । यस सन्दर्भमा गिरिजाप्रसाद कोइरालाले भनेका छन् "जसले इतिहासको गतिलाई बुझे ती रहे जसले बुझेनन् र बुझ्ने कोशिस गरेनन् ती सबै समाप्त भएर गए (पन्त, मि.न. पृ. ११६) । यस सन्दर्भमा केसी (२०७२, पृ.२०) भनेका छन्ः

> वर्तमान समयमा नेपाली काङ्ग्रेस पार्टी पूर्णरूपमा लोकतान्त्रीकरण हुन नसकेको गुनासो उठ्न थालेको छ । जबसम्म पार्टीमा लोकतान्त्रीकरणका माध्यमबाट लोकतान्त्रिक मूल्य मान्यता स्थापित हुन सक्दैनन् तबसम्म सवल र सफल नेतृत्व विकास असम्भव हुन सक्दछ । पार्टीको आन्तरिक लोकतन्त्र संस्थागत र

> सङ्गठनात्मक क्रियाशीलताका क्रममा सद्भाव, पारदर्शी र शान्तिपूर्वक नेतृत्व हस्तान्तरणको शिलशीला अत्यन्त महत्त्वपूर्ण मानिन्छ। यसो हुन नसक्दा नेतृत्वका लागि अप्रिय र घीनलाग्दो होडवाजी, गुटबन्दी र दिशाहीन प्रवृत्तिले मौका पाउँदछ।

फलस्वरूप पार्टीभित्र अनावश्यक गुटबन्दी, बिचारहीन मानिसहरूको झुण्ड र महत्त्वकांक्षी प्रवृत्ति हावी हुन जान्छ। पार्टीका मूल्यमान्यता र आदर्श खुम्चिन्छन्। स्वार्थी एवम् व्यक्तिगत बिचारहरू झाङ्गिन्छन्। अन्तत यो प्रवृत्तिले पार्टीको अस्तित्त्व नै सङ्कटमा पर्न जाने खतरा निम्त्याउँदछ। यस विषयमा जननायक विपी कोइरालाले २०१७ सालको नेपाली काङ्ग्रेसको सभापतिको हैसियतले सातौ महाधिवेशनमा भनेको सन्दर्भ उद्रित गर्दै पराजुली (२०७२, पृ. १२५) ले भनेका छन्ः

> पार्टीको सङ्गठन ठीक पार्ने हो भने विधानको पूर्णरूपमा पालना गर्ने बानी हामीमा हुनुपर्दछ। विधान जस्तो सुकै राम्रो भए पनि पार्टीको सङ्गठन र शक्तिको आधार त्यसका सदस्य हुन्। प्रत्येक सदस्यले आफूलाई पार्टीको जिम्मेवार व्यक्ति ठान्नुपर्दछ। पार्टीका सदस्यले सानोतिनो भावना, स्वार्थ, द्वेष इत्यादिजस्ता घातक प्रवृत्तिबाट आफूलाई चोखो राख्नुपर्दछ। यो कार्य अत्यन्त कठिन छ तर हामी सबैले यो सत्यतालाई बिर्सनु हुन्न। कठिन कार्य सम्पन्न गर्न सक्ने क्षमता भएमात्र इतिहासको हतियार हामी बन्न सक्छौं। प्रत्येक सदस्यमा उच्च नैतिकता स्थापित हुनुपर्दछ। जनताको बिचमा नेपाली काङ्ग्रेसका सदस्यले आफ्नो आचरण र नैतिकताको बलले आफूलाई नेता प्रमाणित गर्न सक्दनुपर्दछ।नेतृत्वमा विशेषतः अनुशासन, इमानदारी, सादगी र निस्वार्थ यी चार गुण हुनु पर्ने तथा स्थानीय भावना र गुटबन्दीजस्ता दुईवटा दुर्गुण त्याग्नुपर्दछ। यी गुण नसङ्गाले र इतिहासको क्रान्तिकारी संस्थाको सदस्य हुन पाइदैन।

एउटा नेता कतिपटक राष्ट्रपति वा प्रधानमन्त्री बन्यो? कस्तो जीवनशैलीमा रहेको छ ? कति पैसा कमायो ? कति योग्य छ भन्ने कुराले तबसम्म अर्थ राख्दैनन् जबसम्म उसले गरेका निर्णय तथा कार्यहरूले जनताका आवश्यकता पूरा गर्दै मानिसको जीवन पद्धतिमा परिवर्तन ल्याउन सक्दैन (भण्डारी, २०७१, पृ.२९४)। समग्रमा गल्ती कमजोरी बोध गर्ने, जिम्मेवारी महसुस गर्ने, बोध गर्ने क्षमता, सादगी जीवन, इमान्दारिता, उच्च संस्कार र एवम् चरित्र अनुशासन, आत्मविश्वास, धैर्य एवम् सहिष्णुता, शालिनता, कुशल क्षमता, योग्यता, दक्षता, दुरदर्शी, विशेषको भावना नहुनु, व्यवहारमा लचकता, निस्वार्थ, निर्भिक, लक्ष्य प्राप्तितर्फ प्रतिबद्द, सार्थक कर्म, स्पष्ट बिचार, लक्ष्यप्रतिको एकाग्रता, सक्रिय एवम् क्रियाशील जीवन आदिजस्ता कुराहरू एउटा असर तथा कुशल नेतृत्वमा हुनु पर्ने आधारभुत गुणहरू हुन (दुलाल, २०७५, पृ.२१८-२१९)। यस विषयमा भण्डारी (२०७१, पृ.२९४-२९५) अगाडि लेख्दछन्ः

> एउटा नेताले समाजमा कस्तो प्रभाव पार्दछ। उसको भौतिक शरीर नरहँदाको अवस्थामा कस्तो प्रभाव पार्न सफल भयो। नेताको दृष्टिकोण, रणनीति, जनता र राष्ट्रका लागि उसले गरेका निर्णयहरू समयको मागअनुसार कति सान्दर्भिक हुँदै गए र जानेछन् तिनै तथ्यले नेतृत्वको योग्यता निर्धारण गर्दछ। मानवीय इतिहासको लामो कालखण्डमा सबै क्षेत्रमा प्रभाव पार्न सक्ने चमत्कारी नेतृत्व कमै भेटिएका छन्। अब्राहम लिङ्कन, थोमस जेफर्सन, काल मार्क्स, महात्मा गान्धी, किङ्ग मार्टिन लुथर, सुवास चन्द्र बोस, नेल्सन मण्डेलाजस्ता व्यक्ति युग परिवर्तनको सम्वाहक बन्न सफल भए। यिनीहरूले मानवतालाई अगाडि राखेर राष्ट्रलाई विधिवत् चलाउने प्रक्रिया प्रारम्भ गरे। उनीहरूलाई अन्तर्राष्ट्रिय

क्षेत्रमा माथिल्लो तहका नेता मानिन्छ । नेपालका परिप्रेक्ष्यमा पृथ्वीनारायण शाह, कृष्णप्रसाद कोइराला, वी.पि. कोइराला, सुवर्णसमशेर राणा, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, पुष्पलाल श्रेष्ठजस्ता नेतृत्व निकै माथिल्ला दर्जाका नेता हुन् ।

विगतमा नेपाली काङ्ग्रेसले नेतृत्व विकास तथा हस्तान्तरणमा लोकतान्त्रीकरणको प्रक्रियालाई निक्कै आत्मसाथ गरेको देखिन्छ । आफ्नो स्थापनाकालदेखि नेपाली काङ्ग्रेसले निरन्तररूपमा अधिवेशन आव्हान गरेको छ । नेपालको इतिहासमा १४ औं अधिवेशन सम्पन्न गरिसकेको योमात्र एउटा राजनीतिक दल हो । अधिवेशनले नीति तथा कार्यक्रमका साथै समावेशी प्रतिनिधित्वमूलक नेतृत्व विकास गरेको छ । नेतृत्व छनोट गर्दा सकेसम्म सर्वसम्मत र आवश्यकताअनुसार प्रजातान्त्रिक प्रक्रिया अर्थात् निर्वाचन प्रणालीलाई आत्मसात गर्दैआएको इतिहास छ ।

विगतको इतिहास हेर्दा नेतृत्व हस्तान्तरणमा पनि नेपाली काङ्ग्रेस नेपालका अन्य दलभन्दा निक्कै लोकतान्त्रिक देखिन्छ । प्रतिबन्धित अवस्थाका केही वर्ष बाहेक असहज परिस्थितिमा पनि नेपाली काङ्ग्रेसले अधिवेशनकै माध्यमबाट नेतृत्व विकास तथा हस्तान्तरण गर्दैआएको हो । यो लोकतान्त्रीकरणको प्रक्रिया र चरित्र मानिन्छ तर हिजोआज नीतिनिर्माण नेतृत्व विकास र हस्तान्तरणमा जटिल समस्याहरू उत्पन्न हुन थालेका छन् । नीति तथा कार्यक्रम बिनाको नेतृत्व प्रधान हुन थालेको छ । अबको दिनमा नीति तथा कार्यक्रम बिनाको नेतृत्व होइन नीति एवम् कार्यक्रमसहितको नेतृत्व छनोट गर्ने प्रणाली स्थापित गर्न जरुरी छ ।

## निष्कर्ष

नेपाली काङ्ग्रेस लोकतन्त्रको स्थापनाका लागि जन्मिएको पार्टी हो । यो पार्टीले अन्य राजनीतिक दललाई लोकतन्त्रका विषयमा सिकायो तर वर्तमानमा नेपाली काङ्ग्रेसमा लोकतान्त्रीकरणको अभ्यास पूर्णरूपमा हुन नसकेको देखिन्छ । विगत केही वर्षदेखि अधिवेशनमा ढिलासुस्ती, विभाग गठन एवम् पूर्णता, भातृ सङघसङ्गठनको अधिवेशन, पार्टीको नियमित बैठक बोलाउन, वैचारिक एवम् शुभेच्छुक सङघ, संस्थासँग सहकार्य गर्नेजस्ता कार्यहरू समयमा सम्पादन भएका छैनन् । उक्त पक्ष लोकतन्त्रका प्राण हुन् । यसमा अभाव देखियो भने लोकतान्त्रीकरणको प्रक्रिया कमजोर हुन्छ ।

नेपाली काङ्ग्रेसको प्रतिनिधि छनोट प्रणालीमा सुधार गरी प्रत्येक वडाबाट १५ जनादेखि बढीमा ७५ जनासम्म क्षेत्रीय प्रतिनिधि रहने व्यवस्था गरिएको छ । कार्यकर्ताहरूको बाहुल्यको आधारमा छनोट प्रणालीमा परिवर्तन गरिएको छ । प्रत्येक वडाबाट समावेशी युक्त ढङ्गबाट छनोट गरिने व्यवस्था अवलम्वन गरिएको छ । यो प्रणाली नेपालको कुनै पनि राजनीतिक दलमा लागु गरिएको छैन । समानुपातिक प्रतिनिधित्व र समावेशी प्रतिनिधित्व एक पटकमात्र गर्ने व्यवस्था गरिएको छ । यो प्रणाली अवलम्बन गरिएकोले पार्टीमा त्याग बलिदान निरन्तर योगदान गर्ने साथीहरूले अवसर पाउने सम्भावना बढी रहेको छ । यसका अतिरिक्त वडादेखि केन्द्रसम्म पार्टी सभापतिमा दुईपटकमात्र नेतृत्व गर्न पाउने व्यवस्था लागु गरिएको छ । यो प्रणाली लागु भएपछि सक्षम, योग्य, इमानदार, जुझारु साथीहरूले जिम्मेवारी पाउन सक्ने सम्भावना बढेर गएको छ । यो प्रणाली लोकप्रिय र प्रगतिशील रहेको छ । यसले एउटै व्यक्तिले जीवनभर नेतृत्व गर्ने प्रक्रिया समाप्त गरिदिएको छ ।

यसका साथै पार्टीभित्र कति पटक मन्त्री, प्रधानमन्त्री बन्न पाउने भन्ने बहसको थालनी भएको छ । यस सन्दर्भमा नेपाली काङ्ग्रेसले एक कदम अगाडि आएर यो विषयलाई टुङ्गोमा पुऱ्याउन सक्यो भने पार्टी एकपटक फेरि

अग्रणी, क्रान्तिकारी, जनप्रिय र सबै युवा साथीहरूले मन पराउने विश्वासिलो राजनीतिक दलको रूपमा स्थापित हुनेछ। यसो हुन सक्यो भने लोकतान्त्रिक व्यवस्था अझ वास्तुनिष्ठ, वैज्ञानिक बन्दै जानुका साथै एक व्यक्ति एक पदका आधारमा नेतृत्व स्थापित हुनेछ। त्यस्तो नेतृत्वले सुशासन भ्रष्टाचारमुक्त प्रशासन, रोजगारी, दिगो विकास, सामाजिक न्याय, आर्थिक विकास र राजनीतिक अधिकार स्थापित गर्न सक्नेछ।

## सन्दर्भ सामग्री


अधिकारी, सूर्यमणि (२०५९). नेपाली काङ्ग्रेसको इतिहास, काठमाडौँः भुँडिपुराण प्रकाशन।

गिरि, प्रदीप (सम्पा.) (मि.न.). संसदमा विश्वेश्वरप्रसाद कोईरालाका संसदीय बहसहरू, काठमाडौँ : डाइनामिक पब्लिकेसन।

गौतम, राजेश (२०६२). नेपालको प्रजातान्त्रिक आन्दोलनमा नेपाल प्रजापरिषदको भूमिका, (भाग २), काठमाडौँः केशव स्थापित, कार्यवाहक सभापति, नेपाल प्रजा परिषद।

गौतम, राजेश (२०७१). नेपालको प्रजातान्त्रिक आन्दोलन र नेपाली काङ्ग्रेस (सहयोगको प्रस्तावदेखि सशत्र आन्दोलन २०२८ सम्म), (भाग ४), काठमाडौँः इला, शोभेन्द्र, निषिम।

गौतम, राजेश (२०७१). नेपालको प्रजातान्त्रिक आन्दोलन र नेपाली काङ्ग्रेस (राष्ट्रिय मेलमिलापको नीतिदेखि वी.पि.को निधनसम्म),(भाग ५), काठमाडौँ, इला, शोभेन्द्र, निषिम।

घिमिरे, गोपालकृष्ण (२०७३). सन्दर्भ समावेशी लोकतन्त्रः नेपाली काङ्ग्रेसको भूमिका, विचार प्रवाह, (वर्ष ५, अङ्क ५), पोखराः प्रजातान्त्रिक विचार समाज।

दाहाल, बिनोद (२०७२). ओखलढुंगा सशस्त्र क्रान्ति पृष्ठभूमि, कारण र परिणाम, काठमाडौँः सगरमाथा वाङ्मय प्रतिष्ठान।

दुलाल, लोकनाथ (२०७५). नेपाली काङ्ग्रेसका आदर्शहरू, नेपाली काङ्ग्रेस सिद्धान्त र दृष्टिकोण, काठमाडौँः बी.पी. बिचारराष्ट्रिय समाज, पृ. २०८-२५३।

नैनसिंह महर, (२०६७). नेपाली काङ्ग्रेस र भातृ सङ्गठन, काठमाडौँः स्कुल अफ डेमोक्रेसी।

पन्त, जयराज (सम्पादन). गिरिजाबाबु. काठमाडौँः जी.पि. फाउण्डेसन फर डेमोक्रेरी, पिस एण्ड डेभ्लप्मेन्ट।

पन्थी, शशि (२०७१). हाम्रो पुरुषार्थ (त्रैमासिक) : विश्वेश्वर विशेषाङ्क, गुल्मीः किरण पुस्तकालय।

पराजुली, शोभाकर (२०७२). समाजवाद बी.पी. कोइराला र कम्युनिष्ट, काठमाडौँः ब्रदर बुक्स प्रकाशन प्रा.लि.।

भट्ट, भरत (२०७२). सङ्क्रान्ति, इतिहास विशेष, काठमाडौँ : नेपाल विद्यार्थी सङ्घ केन्द्रीय समिति।

भण्डारी, चन्द्र (२०७१). वर्तमानसँग वी.पि. हाम्रो पुरुषार्थ, (त्रैमासिक) : विश्वेश्वर विशेषाङ्क, गुल्मीः किरण पुस्तकालय, पृ. २९४-३०२।

लावती, महेन्द्र, (२०७३). राष्ट्रियता दह्रो कसरी हुन्छ ?कान्तिपुर शुक्रबार चैत्र ११, २०७३।

राना, गोवर्द्धन (मि.न.) प्रजातान्त्रिक आन्दोलनमा नेपाल विद्यार्थी सङ्घ, पश्चिमाञ्चल समन्वय समिति।

सँग्रौला (पन्त), डिला (२०७८). काङ्ग्रेसको अबको बाटो, विराटनगरः डिला सँग्रौलाको सचिवालय।